## प्रदेश नं. ५, छापाखाना र प्रकाशनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेशको पत्रकारिता क्षेत्रमा अभिव्यक्तिको स्वतन्त्रतालाई मर्यादित एवम् जिम्मेवारीपूर्ण तबरले स्वतन्त्र र निर्भिक भई उपभोग गर्न सक्ने वातावरण सृजना गर्नका लागि छापाखाना र प्रकाशन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले प्रदेश नं. ५, प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश नं. ५, छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०75" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अन्य पत्रपत्रिका" भन्नाले समाचारपत्र र समाचारपत्रिकामा नसमेटिने कला, साहित्य, विज्ञान, पर्यटन, चलचित्र लगायतका विभिन्न विधामा प्रकाशित हुने अन्य पत्रपत्रिका सम्झनुपर्छ ।

(ख) "किताब" भन्नाले समग्र वा खण्ड खण्ड रूपमा छापिएको वा यन्त्रद्वारा निकालिएको प्रत्येक पुस्तक पुस्तिका, पर्चा, विवरणपत्र, स्वरलिपि, नक्सा, मानचित्र आदि समेतलाई जनाउँछ ।

(ग) "छापाखाना" भन्नाले किताब, समाचारपत्र, समाचारपत्रिका वा लिखतपत्र निकाल्ने साधन सम्झनुपर्छ र सो शब्दले छाप्ने मेशिन, टाईप, सबै कलहरू, ज्यावल, कार्यालय र त्यसका हिस्साहरूलाई समेत जनाउँछ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ङ) "दर्ता अधिकारी" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनुपर्छ ।

(च) "निषेधित प्रकाशन" भन्नाले दफा १५ बमोजिम निषेधित गरिएको कुरा समावेश भएको प्रकाशन सम्झनुपर्छ ।

(छ) “पत्रकार” भन्नाले पत्रपत्रिकामा प्रकाशित हुने सामग्री संकलन वा सम्पादन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सम्पादक, सम्पादन गर्ने व्यक्ति र स्तम्भ लेखक समेतलाई जनाउँछ ।

(ज) “पत्रपत्रिका” भन्नाले समाचारपत्र र समाचारपत्रिका र अन्य पत्रपत्रिकालाई समेत सम्झनुपर्छ।

(झ) “प्रकाशक” भन्नाले दफा ७ बमोजिम पत्रपत्रिका प्रकाशन गर्न प्रमाणपत्र पाएको व्यक्ति सम्झनुपर्छ ।

(ञ) “प्रकाशन” भन्नाले किताब, समाचारपत्र, समाचारपत्रिका, अन्य पत्रपत्रिका र लिखतपत्रलाई समेत सम्झनुपर्छ ।

(ट) “प्रतिबन्धित प्रकाशन” भन्नाले दफा १४ बमोजिम प्रकाशित गर्न नहुने कुरा समावेश भएको प्रकाशन सम्झनुपर्छ ।

(ठ) “प्रेस रजिष्ट्रार” भन्नाले दफा १8 बमोजिम नियुक्त गरिएको अधिकारी सम्झनुपर्छ ।

(ड) “मुद्रक” भन्नाले छापाखाना धनी आफैंले छापाखाना संचालन गरेको भए छापाखाना धनी वा छापाखाना संचालन गर्न कुनै व्यक्ति नियुक्ति भएको भए त्यसरी नियुक्त भएको व्यक्ति सम्झनुपर्छ ।

(ढ) “लिखतपत्र” भन्नाले पोष्टर, चित्र, नक्सा, फोटो वा अरू कुनै प्रत्यक्ष चित्रणलाई समेत जनाउँछ।

(ण) “समाचारपत्र” भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचारहरू समेत भएको सार्वजनिक रूपमा बिक्री वा वितरण हुने पत्र सम्झनुपर्छ ।

(त) “समाचारपत्रिका” भन्नाले सार्वजनिक समाचार वा त्यसको टिप्पणी तथा विश्लेषण भएको तर समाचारपत्रमा नसमेटिने समाचार सम्बन्धी कागजपत्र सम्झनुपर्छ ।

(थ) “सम्पादक” भन्नाले पत्रपत्रिकामा प्रकाशित हुने सामग्रीको चयन तथा सम्पादन गर्ने उत्तरदायित्व भएको व्यक्ति सम्झनुपर्छ ।

## परिच्छेद -२

## छापाखाना सम्बन्धी व्यवस्था

३. **छापाखाना दर्ता गर्नु पर्नेः** (१) छापाखाना संचालन गर्न चाहने व्यक्तिले छापाखाना संचालन गर्नका लागि तोकिए बमोजिम दर्ता अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि दर्ता अधिकारीले उक्त दरखास्त उपर आवश्यक छानवीन गरी तोकिएको दस्तुर लिई दरखास्तवालालाई छापाखाना संचालन गर्न तोकिएबमोजिम प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र दिएपछि दर्ता अधिकारीले छापाखानासम्बन्धी विवरण दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम पेश भएको विवरणमा कुनै परिवर्तन भएमा मुद्रकले दर्ता अधिकारीलाई तुरुन्त सूचना गर्नु पर्नेछ । दर्ता अधिकारीले पनि त्यस्तो सूचना प्राप्त हुनासाथ उपदफा (३) बमोजिमको दर्ता किताबमा त्यस्तो परिवर्तन भएको मिति र विवरण जनाई राख्नु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक जिल्लामा दर्ता भएको छापाखाना अर्को जिल्लामा लागि संचालन गर्नु पर्ने भएमा दर्ता अधिकारीको अनुमति लिन सक्नेछ ।

४. **छापाखाना बन्द वा जफत नगरिनेः** दफा ३ बमोजिम दर्ता भएको छापाखानाले समाचार, लेख वा अन्य किताब मुद्रण गरे बापत त्यस्तो छापाखाना बन्द वा जफत गरिने छैन ।

## परिच्छेद -३

## किताबसम्बन्धी व्यवस्था

५. **किताब दर्ता गर्नेः** (१) किताबको प्रकाशकले आफूले प्रकाशन गरेको किताब बिक्री वितरण गर्नुभन्दा अघि त्यस्तो किताबको दुई प्रति बिना मूल्य दर्ता अधिकारीलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका किताब दर्ता अधिकारीले दर्ता किताबमा दर्ता गरी देहायका कुराहरू समेत उल्लेख गरी राख्नु पर्नेछः-

(क) किताबको नाम र मुखपृष्ठमा छापिएको व्यहोरा,
(ख) किताब लेखिएको भाषा,
(ग) किताब वा त्यसको भागको लेखक, अनुवादक वा सम्पादकको नाम,
(घ) किताबको विषय,
(ङ) मुद्रण र प्रकाशन गरिएको स्थान,

(च) मुद्रक वा मुद्रण गर्ने संस्था र प्रकाशक वा प्रकाशन गर्ने संस्थाको नाम,

(छ) प्रकाशन गरिएको मिति,

(ज) पृष्ठ संख्या,

(झ) आकार,

(ञ) संस्करण संख्या,

(ट) सो संस्करणमा छापिएको प्रति,

(ठ) छापिएको,

(ड) बिक्री मूल्य, र

(ढ) प्रतिलिपि अधिकार पाउने व्यक्तिको नाम, थर र वतन ।

६. **किताबमा उल्लेख गर्नुपर्ने कुराहरूः** किताबको प्रकाशकले प्रत्येक किताबमा प्रकाशक, सम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र प्रतिलिपि अधिकार पाउने व्यक्ति समेत सबैको पूरा नाम, संस्करणको संख्या, वर्ष र सो संस्करणमा छापिएको प्रति तथा बिक्री मूल्य आदि स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद -४

## पत्रपत्रिकासम्बन्धी व्यवस्था

७. **पत्रपत्रिका दर्ता गर्नु पर्नेः** (१) सार्वजनिक रूपमा बिक्री वितरण हुने पत्रपत्रिका प्रदेशभित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका दर्ता गर्नका लागि तोकिए बमोजिम दर्ता अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

तर, प्रदेश सरकार अन्तर्गत कार्यालय, प्रदेशको स्वामित्व भएको संगठित संस्था, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानुनबमोजिम स्थापित संघ संस्था, फर्म, कम्पनीका प्रकाशन वा कुनै राजनैतिक दल वा संगठनको स्मारिक वार्षिक प्रतिवेदन वा मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफा बमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि दर्ता अधिकारीले सो दरखास्त उपर आवश्यक छानविन गरी दरखास्तवालासँग कुनै कुरा बुझ्नुपर्ने भएमा सो समेत बुझी दरखास्त प्राप्त भएको मितिले पैतीस दिनभित्र दरखास्तवालालाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न तोकिएबमोजिम अस्थायी प्रमाणपत्र दिनेछ । तर, दरखास्तमा उल्लिखित पत्रपत्रिकाको नामसित मिल्नेगरी अर्को कुनै पत्रपत्रिका दर्ता अधिकारीको कार्यालयमा दर्ता भैसकेको रहेछ पन वा त्यस्तो पत्रिकाको नाम राष्टियस्तर पत्रिकासँग नमिल्ने ........ भने दरखास्तवालालाई त्यस्तो अस्थायी प्रमाणपत्र दिइने छैन ।

(३) उपदफा (२) बमोजिम अस्थायी प्रमाणपत्र दिईसकेपछि दर्ता अधिकारीले त्यस्तो पत्रपत्रिकाको सम्पूर्ण विवरण सहित सो कुराको सूचना प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि प्रेस रजिष्ट्रारले सो पत्रपत्रिकाको नामसित मिल्ने गरी अन्य कुनै पत्रपत्रिका कुनै दर्ता अधिकारीको कार्यालयमा दर्ता भएको छ छैन हेरी सो नामसित मिल्ने गरी दर्ता भएको रहेनछ भने त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी प्रेस रजिष्ट्रारले स्वीकृती दिनेछ ।

(५) उपदफा (४) बमोजिम प्रेस रजिष्ट्रारबाट स्वीकृती पाएपछि दर्ता अधिकारीले सम्बन्धित दरखास्तवालालाई स्थायी प्रमाणपत्र दिनेछ ।

(६) दरखास्तवालालाई स्थायी प्रमाणपत्र दिन नमिल्ने उचित कारण भएमा दर्ता अधिकारीले सोही कुराको जानकारी दरखास्तवालालाई दरखास्त परेको मितिले सामान्यतया तीन महीनाभित्र दिनु पर्नेछ । त्यस्तो जानकारी दिएपछि दरखास्तवालाको अस्थायी प्रमाणपत्र स्वतः खारेज हुनेछ ।

(७) उपदफा (५) बमोजिम प्रमाणपत्र दिएपछि दर्ता अधिकारीले पत्रपत्रिका सम्बन्धी विवरण दर्ता किताबमा जनाई राख्नु पर्नेछ ।

(८) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नुपर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा एक जिल्लाबाट प्रकाशित भइरहेको पत्रपत्रिका अन्य जिल्ला वा एकभन्दा बढी जिल्लाबाट प्रकाशित गर्नुपर्ने भएमा उपदफा (१) बमोजिम दर्ता अधिकारी समक्ष दरखास्त दिई सोको समेत प्रमाणपत्र लिनु पर्नेछ ।

(९) उपदफा (८) मा लेखिएदेखि बाहेक पत्रपत्रिकासम्बन्धी अन्य विवरणमा कुनै परिवर्तन गर्नु पर्ने भएमा स्वीकृतीको निमित्त त्यसको विवरण प्रकाशकले दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवरण प्राप्त हुनासाथ दर्ता अधिकारीले उपदफा (७) बमोजिमको दर्ता किताबमा जनाई त्यसको स्वीकृती सम्बन्धित प्रकाशकलाई दिनुपर्नेछ ।

(११) यस दफाबमोजिम दर्ता भएको पत्रपत्रिकाको विवरणमा भएका परिवर्तनहरूको जानकारी दर्ता अधिकारीले प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

**७ क. प्रमाणपत्रको दर्ता खारेजः** पत्रपत्रिकाका दर्ता खारेज हुनसक्नेछः-

(क) पत्रपत्रिका प्रकाशन नगरेको मितिले एक वर्षभित्र त्यसको लिखित सूचना मन्त्रालयलाई नदिएमा, तर त्यस्तो सूचना एकपटकमा **बढीमा एक वर्षको**

__अवधिको लागि र लगातार पाँच पटक गरी पाँच वर्षभन्दा बढी अवधिको लागि दिन पाइने छैन__ ,

८. **पत्रपत्रिकाको स्वामित्व हस्तान्तरणः** (१) दफा ७ बमोजिम दर्ता भएको पत्रपत्रिकाको प्रकाशनको स्वामित्व कानूनबमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्तिले सात दिनभित्र त्यसको जानकारी तोकिएको बमोजिम दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि दर्ता अधिकारीले तत्सम्बन्धी विवरण दर्ता किताबमा जनाई त्यसरी पत्रपत्रिकाको स्वामित्व हस्तान्तरण भएको जानकारी प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

९. **पत्रपत्रिकामा उल्लेख गर्नुपर्नेः** पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अंक तोकिएबमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।

10. **पत्रपत्रिकाको आकार र पृष्ठ संख्याः** (१) दफा ७ बमोजिम दर्ता भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम आकार र पृष्ठ संख्या तोकिएबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ संख्यामा घटी गरी प्रकाशित हुने पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन दिइने छैन ।

११. **पत्रपत्रिकाको प्रकाशनः** प्रकाशकले पत्रपत्रिकाको प्रत्येक संस्करण दफा ७ बमोजिमको दर्ता किताबमा उल्लिखित विवरणमा फरक नपारी प्रकाशित गर्नु पर्नेछ ।

१२. **प्रकाशन बन्द गरेको सूचना दिनु पर्नेः** दफा ७ बमोजिम प्रमाणपत्र लिई संचालन गरेको पत्रपत्रिकाको प्रकाशन तोकिएबमोजिम बन्द गरेमा सो बन्द गरेको सूचना प्रकाशकले दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

१३. **पूर्व प्रतिबन्ध नलगाइनेः** दफा १४ र १५ बमोजिमको अवस्थामा बाहेक कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाईने छैन ।

१४. **पत्रपत्रिका दर्ता खारेज नगरिनेः** दफा ७ बमोजिम दर्ता भएको कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख वा पाठ्यसामग्री प्रकाशित गरे बापत त्यस्तो पत्रपत्रिकाको दर्ता खारेज गरिने छैन ।

१५. **प्रकाशनमा प्रतिबन्धः** देहायका कुराहरू किताब वा पत्रपत्रिकामा प्रकाशित गर्न पाइने छैनः-

(क) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने,

(ख) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने,

(ख १) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने,

(ग) विभिन्न जात जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने, र

(घ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

१6. **प्रकाशनमा निषेधः** (१) राष्ट्रिय हितलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामाग्री सोही सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशन गर्न नपाउने गरी वा सोही सूचनामा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रकाशन, अनुवाद वा उद्धरण गर्न समेत हुँदैन ।

१७. **प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गर्न नहुनेः** कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी जानी छाप्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न जा निकासी गर्न हुँदैन ।

## परिच्छेद -५

## प्रेस रजिष्ट्रार, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी व्यवस्था

१8. **प्रेस रजिष्ट्रारः** (१) प्रदेशबाट प्रकाशित हुने पत्रपत्रिकाको सम्पूर्ण विवरणहरूको अभिलेख राख्ने कामका लागि प्रदेश सरकारले एक प्रेस रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको प्रेस रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछः-

19. **प्रेस प्रतिनिधिसम्बन्धी व्यवस्थाः** (१) कुनै नेपाली वा विदेशी प्रेस वा संचारसम्बन्धी संस्थाले प्रदेशभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरूको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण तोकिएको अधिकारी समक्ष पठाउनु पर्नेछ । तर, विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुख वा उच्च स्तरीय प्रतिनिधि मण्डल प्रदेश भ्रमणमा आउँदा साथमा आउने पत्रकारहरूका सन्दर्भमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) राष्ट्रियका चाड पर्व वा विशेष अवसरमा छोटो अवधिको लागि प्रदेश भ्रमणमा आउने पत्रकारहरूका लागि प्रदेश सरकारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ ।

(3) उपदफा (2) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने व्यक्तिले आफ्नो काममा संलग्न रहेको संस्थाको सिफारिस साथ तोकिए बमोजिमको योग्यताको प्रमाणपत्रको

प्रतिलिपि संलग्न राखी तोकिएको अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ । प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोही बमोजिम दरखास्त दिन सक्नेछ ।

(4) उपदफा (3) बमोजिमको दरखास्त प्राप्त भएपछि तोकिएको अधिकारीले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी तोकिएकोबमोजिम दरखास्तवालालाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ ।

(5) उपदफा (4) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको व्यक्तिले यस ऐन र प्रचलित कानुनको अधिनमा रही आफ्नो कार्य क्षेत्रभित्र समाचार संकलन गर्न सक्नेछ ।

(6) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद -६
## सजायसम्बनधी व्यवस्था

**२०. प्रमाणपत्र नलिई छापाखाना संचालन गरेमाः** (१) कसैले दफा ३ बमोजिम प्रमाणपत्र नलिई छापाखाना संचालन गरेमा दर्ता अधिकारीले त्यस्तो व्यक्ति वा संस्थालाई रू पचास हजार जरीवाना गरिनेछ ।

(२) कसैले दफा ३ को उपदफा (४) बमोजिम परिवर्तन भएको विवरण नसच्याई छापाखाना संचालन गरेमा दर्ता अधिकारीले त्यस्तो व्यक्ति वा संस्थालाई रू तीस हजार जरिवाना गर्न सक्नेछ ।

**२१. झुट्टा विवरण दिएमाः** कसैले दफा ३ र ७ अनुसार दिएको विवरण जानी जानी झुट्टा दिएको ठहरेमा निजलाई दर्ता अधिकारीले तीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**२२. किताब नबुझाएमाः** कसैले दफा ५ बमोजिम बुझाउनु पर्ने किताब नबुझाएमा दर्ता अधिकारीले बुझाउनु पर्ने किताबको मूल्य र सो मूल्य बराबरको रकम जरिवाना गर्न सक्नेछ ।

**२३. उल्लेख गर्नु पर्ने कुरा उल्लेख नगरेमाः** कुनै प्रकाशकले दफा ६ र ९ अनुसार किताब वा पत्रपत्रिकामा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरेमा त्यस्तो प्रकाशकलाई दर्ता अधिकारीले पाँच हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

**24. अनधिकृत तबरले प्रकाशन प्रकाशित गरेमाः** (१) कसैले दफा ७ बमोजिम प्रमाणपत्र नलिईकन कुनै प्रकाशन प्रकाशित गरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना गरिनेछ ।

(२) कसैले दफा ७ को उपदफा (९) बमोजिम परिवर्तन भएको विवरण नसच्याई प्रकाशन प्रकाशित गरेमा त्यस्ता व्यक्तिलाई दर्ता अधिकारीले तीन हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२५. **प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन प्रकाशित गरेमाः** कसैले दफा १४ बमोजिम प्रतिबन्ध लगाइएको वा दफा १५ बमोजिम निषेध गरेको कुनै कुरा प्रकाशन गरेमा त्यस्तो प्रकाशक वा सम्पादकलाई सो काम गरे बापत प्रचलित कानुनले कुनै सजाय हुने रहेछ भने सोही बमोजिम सजाय हुनेछ र सो नभएमा दश हजार रुपैयाँसम्म जरिवाना गरिनेछ ।

२६. **प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण आदि गरेमाः** (१) कसैले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी गरेमा निजलाई दर्ता अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफत समेत गर्न सक्नेछ ।(२) कसैले प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी जानी छापेमा वा बिक्री वितरण गरेमा वा प्रदर्शन गरेमा दर्ता अधिकारीले त्यस्तो व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफत समेत गर्न सक्नेछ ।

२७. **निषेधित प्रकाशन अनुवाद तथा उद्धरण गरेमाः कसैले निषेधित प्रकाशन अनुवाद तथा उद्धरण गरेमा त्यस्तो** व्यक्तिलाई दर्ता अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफत समेत गर्न सक्नेछ ।

28. **विदेशी प्रकाशन पैठारी गरेमाः** कसैले दफा १६ बमोजिम रोक लगाइएको विदेशी प्रकाशन पैठारी गरेमा दर्ता अधिकारीले त्यस्तो व्यक्तिलाई पाँच हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रकाशन जफत समेत गर्न सक्नेछ ।

29. **प्रेस प्रतिनिधिको प्रमाणपत्र नलिई काम गरेमाः** (१) दफा 19 को उपदफा (५) बमोजिम प्रमाणपत्र नपाएको व्यक्तिलाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रेस प्रतिनिधिलाई दिइने सुविधा, सहायता वा सहुलियत दिइने छैन ।

(२) दफा 19 को उपदफा (१) बमोजिमको विवरण उपलब्ध नगराउने प्रेस वा संचार सम्बन्धी संस्थालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्वमा रहेको संस्थाबाट दिइने सुविधा, सहायता वा सहुलित दिइने छैन ।

(३) दफा 19 को उपदफा (५) बमोजिम प्रमाणपत्र पाएको कुनै व्यक्तिले प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्वमा रहेको संस्थाबाट पाएको सुविधा, सहायता वा सहुलियत दुरूपयोग गरेमा मन्त्रालयले त्यस्तो व्यक्तिको प्रमाणपत्र अवधि तोकी निलम्बन गर्न, फिर्ता लिन वा रद्द गर्न सक्नेछ ।

(४) दफा 19 को उपदफा (५) बमोजिम प्रमाणपत्र पाएको कुनै विदेशी प्रेस प्रतिनिधिको क्रियाकलाप राष्ट्रिय हित प्रतिकूल छ भन्ने लागेमा मन्त्रालयले त्यस्तो व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र फिर्ता लिन वा रद्द गर्न सक्नेछ ।

३0. **पुनरावेदनः** यस परिच्छेद बमोजिम दर्ता अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैतीस दिनभित्र तोकिएको अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-७

## विविध

३1. **क्षतिपूर्ति पाउनेः** यस ऐनबमोजिम जफत गरिएको प्रकाशन, प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन नठहरेमा वा जुन अभियोग बापत जफत भएको हो सो अभियोग प्रमाणित नभएमा प्रकाशक वा धनीले प्रदेश सरकारबाट निम्नानुसार क्षतिपूर्ति पाउनेछः-जबचष

(क) मूल्य तोकिएको प्रकाशन जफत भएकोमा त्यस्तो प्रकाशन बिक्री गर्दा प्रकाशक वा धनीले पाउन सक्ने वास्तविक मोल बराबरको रकममा नबढाई, । तर, किताबको हकमा प्रकाशक वा किताब धनीले किताब फिर्ता बुझिलिएमा क्षतिपूर्ति पाउने छैन ।

(ख) मूल्य किटान नभएको अन्य सामग्रीको हकमा त्यस्तो सामग्री प्राप्त वा प्रकाशित गर्दा व्यहोर्नु परेको वास्तविक मूल्यमा नबढाई ।

३2. **सम्पादक वा प्रेस प्रतिनिधिको योग्यताः** यस ऐनबमोजिम प्रमाणपत्र लिई प्रकाशन हुने पत्रपत्रिकाको सम्पादक हुने तथा प्रेस प्रतिनिधि भई काम गर्ने व्यक्तिको योग्यता तोकिए बमोजिम हुनेछ ।

३3. **पत्रपत्रिकाको वर्गीकरणः** तोकिएको अधिकारीले पत्रपत्रिकालाई तोकिएको आधारमा श्रेणी विभाजन गर्न सक्नेछ । यसरी वर्गीकरण गर्नु पर्दा तोकिएको अधिकारीले प्रेस काउन्सिलसँग परामर्श लिनु पर्नेछ ।

३4. **नगरेको काम बापत नाम प्रकाशित गरेमाः** कुनै व्यक्तिको नाम, सम्पादक, प्रकाशक वा मुद्रक भनी कुनै किताब वा पत्रपत्रिकामा प्रकाशित भएको रहेछ र सो कुरा निजले नगरेको भए त्यस्तो कुरा प्रकाशित भएको थाहा पाएपछि दर्ता अधिकारी समक्ष जुन व्यहोराबाट आफ्नो नाम छापिन गएको छ सो व्यहोरालाई खण्डन गरी सूचना गर्न सक्नेछ ।

३5. **प्रदेश सरकार बादी हुनेः** यस ऐनअन्तर्गतको मुद्दा प्रदेश सरकार बादी हुनेछ ।

३6. **अधिकार सुम्पन सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनअन्तर्गत आँफूले पाएको अधिकारमध्ये कुनै वा सबै अधिकार कुनै अधिकारीले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

३7. **नियम बनाउने अधिकारः** यस ऐनको उद्‌देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरू बनाउन सक्नेछ ।

38. **यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ ।

39. **बचाउः** यो ऐन लागू हुनु भन्दा अघि पाएको प्रमाणपत्र यसै ऐनबमोजिम पाए सरह मानिनेछ ।